# मानव अधिकारपत्र


राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ९ अङ्क ३ असार २०८३


## विस्थापितहरू राखिएका अस्थायी व्यवस्थापन केन्द्रहरूको आयोगद्वारा अनुगमन



काठमाडौं उपत्यकाका नदीकिनारबाट विस्थापित भई अस्थायी व्यवस्थापन केन्द्रमा राखिएका विस्थापित परिवारहरूले आधारभूत मानव अधिकार उपयोग गर्न नपाएको भन्ने विभिन्न सञ्चारमाध्यमहरूमा प्रकाशित/प्रसारित समाचारहरूको आधारमा आयोगले उनीहरूको मानव अधिकार अवस्थाबारे अनुगमन गरेको छ । आयोगको केन्द्रीय कार्यालयबाट असार ३, ४, ५ र ८ गते कीर्तिपुरस्थित राधास्वामी सत्संग व्यास नेपाल, भक्तपुरको नगरकोटस्थित राष्ट्रिय खानेपानी तथा सरसफाइ अनुसन्धान नवप्रवर्तन तथा क्षमता अभिवृद्धि केन्द्र, खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरण तालिम केन्द्र तथा नागार्जुन १ स्थित इचङ्गुनारायण अस्थायी व्यवस्थापन केन्द्रको स्थलगत अनुगमन गरेको हो ।



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

प्रेस विज्ञप्ति

२५ असार, २०८३

सुकुम्बासीहरुको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मान गर

नेपाल सरकारबाट २०८३ बैशाख १२ गतेदेखि काठमाडौं जिल्लाको बागमती किनार लगायत विभिन्न स्थानमा बसोबास गरेका सुकुम्बासीहरुको घर टहरा हटाइ उनीहरूलाई विभिन्न होल्डिङ सेन्टरमा राखेकोमा ती सेन्टरहरूबाट पनि हटाएको र हटाउने तयारी गरेको विषयमा यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

सुकुम्बासीलाई पछिल्लो पटक हटाएको मिति देखि आयोगले हालसम्म उनीहरूको अवस्था बारेमा गरिरहेको अनुगमनबाट सूचना टाँस गरी ५ दिनभित्र होल्डिङ्ग सेन्टर खाली गर्न लगाएको, सो अवधि व्यतित भएपछि पुनः थप ७ दिनको समयावधि तोकिएको लगायतका तथ्यहरु पाइएको छ। राज्यका कार्यकारी निकायहरूबाट बिना विकल्प होल्डिङ सेन्टरबाट हट्न अल्टिमेटम दिने, सेन्टरबाट हटाउने, खानाको पर्याप्त प्रबन्ध नगर्ने, विशेषत उनीहरूका आर्थिक, सामाजिक, साँस्कृतिक र नागरिक अधिकारप्रति सरकारका निकायहरूबाट अभिभावकत्व ग्रहण नगर्ने लगायतका अवस्था देखिएका छन् । जसले सुकुम्बासीहरूको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा २ र ५, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५(१), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ११, बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २७, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिको General comment नं. ७ र Basic Principles and Guidelines on Development based evictions and Displacement, 2007 को बुँदा नं. २१ समेत पालना नभई आवास, खाद्यान्न, शिक्षा, स्वास्थ्य, जिविकोपार्जन समेतका बहुआयामिक अधिकारहरूको प्रचलनमा गम्भीर संकट उत्पन्न हुँदै गएको छ ।

वैकल्पिक व्यवस्था मिलाएर मात्र सुकुम्बासी व्यवस्थापन गर्ने सन्दर्भमा यस आयोगबाट मिति २०६६/८/१२ र मिति २०६९/२/१ गते गरेको सिफारिस, मिति २०६८।८।२६ गते गृह मन्त्रालय समेत, मिति २०६९।१।३१ गते उपत्यका नगर विकास प्राधिकरण, मिति २०७७।१०।१५ र २०८३।१।११ गते नेपाल सरकारका विभिन्न निकायमा भएका पत्राचार तथा मिति २०८३।१।२५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं र काठमाडौं महानगरपालिकामा अनुगमन प्रतिवेदन सेमत साथमा राखी गरिएको पत्राचार समेतको सम्बोधन नहुँदा यस्तो अवस्था उत्पन्न भएको आयोगको ठम्याइ रहेको छ ।

अतः सुकुम्बासीहरूको कुनै पनि मानव अधिकार अवस्था जोखिममा पर्ने कार्य नगर्न र उनीहरूको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मान गर्न आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ ।

श्यामबाबु काफ्ले
उपसचिव/सहायक प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org,
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

अनुगमनबाट विस्थापितहरूले खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा, सरसफाइ तथा दीर्घकालीन पुनःर्स्थापनाजस्ता आधारभूत अधिकारहरू पूर्णतः उपभोग गर्न नपाएको पाइएको छ । अधिकांश अस्थायी व्यवस्थापन केन्द्रमा बसोबास गरिरहेका विस्थापितहरूले पोषणयुक्त खानाको अभाव, गुणस्तरहीन भोजन, दीर्घरोगी तथा शल्यक्रिया गराएका बिरामीका लागि आवश्यक औषधि र उपचारको कमी, सरसफाइ सामग्रीको अभाव तथा स्वास्थ्य सेवामा सीमित पहुँच रहेको उनीहरूले गुनासो गरेका छन् । केही स्थानमा सरुवा रोगको सङ्क्रमण देखिएको तथा उपचारमा ढिलाइ भएको जानकारीसमेत आयोगलाई प्राप्त भएको छ ।

अनुगमनबाट विद्यालय जाने उमेरका बालबालिकाको पठनपाठनको व्यवस्था गरिए पनि कतिपय बालबालिकाहरू औपचारिक रूपमा विद्यालयमा भर्ना हुन नसकेको, पाठ्यपुस्तक उपलब्ध नभएको, पढाइलाई निरन्तरता दिन कठिनाइ भएको, आवश्यक पोषणयुक्त आहारको समेत अभाव रहेको पाइएको छ । अनुगमनका क्रममा विस्थापितहरूले सरकारले बस्ती हटाउन अघि पर्याप्त समय, वैकल्पिक व्यवस्थापन र परामर्श नगरेको, अस्थायी आश्रयमा लामो समय बस्नुपरेको पाइएको छ । सुकुम्वासीहरूले शीघ्र स्थायी आवासको व्यवस्था, रोजगारी, जीविकोपार्जनको व्यवस्था गर्न सरकारसँग आग्रह गरेका छन् ।

यता काठमाडौं महानगरपालिका तथा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले भने विस्थापितहरूको तथ्याङ्क विद्युतीयकरण काम भइरहेको, केन्द्र छोड्ने परिवारलाई स्वःव्यवस्थापनका लागि एकमुष्ट आर्थिक सहायता तथा निश्चित अवधिसम्म घरभाडा सहयोग उपलब्ध गराइएको र दीर्घकालीन पुनर्स्थापनाको योजना अघि बढाइएको जानकारी आयोगलाई दिएका छन् । महानगरपालिकाले स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श तथा बालबालिकाको शिक्षाको व्यवस्थापनमा सुधार गरिने प्रतिबद्धतासमेत जनाएको छ ।

अनुगमन टोलीमा मानव अधिकार अधिकृतहरू रेवा रेग्मी, जयन्त थापा र रबिना घिमिरे तथा नायव सुब्बा सुधा अधिकारी संलग्न रहेका थिए ।

अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगले नेपालको संविधानले सुनिश्चित गरेको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, उचित आवास, स्वास्थ्य र शिक्षाको अधिकार तथा नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि-सम्झौताअनुसार आयोगले अस्थायी व्यवस्थापन केन्द्रमा रहेकाहरूलाई अत्यावश्यक वस्तु तथा सेवाको सुनिश्चितता गर्न, बालबालिकालाई गुणस्तरीय शिक्षा र पोषणयुक्त आहार उपलब्ध गराउन, दीर्घरोगी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई प्राथमिकताका साथ स्वास्थ्य सेवा र आवश्यक स्रोत-साधन उपलब्ध गराउन तथा भूमिहीन र विस्थापित परिवारको दीर्घकालीन, सम्मानजनक र स्थायी पुनःस्र्थापनाको व्यवस्था गर्न आयोगले असार २५ गते प्रेस विज्ञप्तिमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।



आयोगले सुकुम्वासीहरूको व्यवस्थापनको सन्दर्भमा मिति २०६६-८-१२ गते, मिति २०६९-२-१ गते, मिति २०६८।८।२६ गते, मिति २०६९।१।३१ गते, मिति २०७७।१०।१५, २०८३।१।११ गते र मिति २०८३।१।२५ गते नेपाल सरकार र सम्वन्धित निकायहरूमा पत्राचार गरिसकेको छ । आयोगले आफूले गरेका सिफारिसहरूको कार्यान्वयनको लागि सम्बन्धित निकायलाई पुनःस्मरण र ध्यानाकर्षण गराउँदै आएको छ ।

## लोपोन्मुख आदिवासी जनजातिको मानव अधिकार अवस्था चुनौतीपूर्ण

आयोगको कोशी प्रदेश कार्यालयले कोशी प्रदेशमा बसोबास गर्दै आएका लोपोन्मुख आदिवासी जनजाति लेप्चा, मेचे र किसान समुदायको मानव अधिकार अवस्थासम्बन्धी स्थलगत अनुगमन सम्पन्न गरेको छ । अनुगमनबाट शिक्षा, भूमि स्वामित्व, रोजगारी, सांस्कृतिक संरक्षण तथा राजनीतिक सहभागितालगायतका क्षेत्रमा मानव अधिकारको अवस्था अझै चुनौतीपूर्ण रहेको पाइएको छ ।



मानव अधिकार अधिकृतद्वय चिरञ्जिवी कोइराला र भिमसेन थापा मगरको टोलीले गरेको अनुगमनमा संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी मापदण्डले सुनिश्चित गरेका अधिकारको कार्यान्वयनमा केही सकारात्मक प्रयास देखिए पनि समुदायको

आवश्यकता अनुरूप लक्षित कार्यक्रम र प्रभावकारी कार्यान्वयन पर्याप्त नभएको पाइएको हो ।

अनुगमनका क्रममा मेचे र किसान समुदायका अधिकांश परिवार अझै ऐलानी जग्गामा कानुनी स्वामित्वबिनै बसोबास गरिरहेको तथा भूमि स्वामित्वको अभावले सुरक्षित आवास, ऋण तथा लगानीमा पहुँच र आर्थिक सशक्तिकरणमा प्रतिकूल असर परेको पाइएको छ । अधिकांश परिवार कृषि, मजदुरी, चिया बगान तथा अन्य अनौपचारिक श्रममा निर्भर रहेका छन् भने सीपमूलक तालिम, उद्यमशीलता विकास तथा समुदाय लक्षित रोजगारी कार्यक्रमको अभाव देखिएको छ ।

यी समुदायमा आधारभूत तहमा विद्यालय छाड्ने दर न्यून रहे पनि उच्च तथा प्राविधिक शिक्षामा आर्थिक पहुँच कमजोर रहेको, लक्षित छात्रवृत्ति प्रभावकारी नभएको तथा किसान समुदायमा मातृभाषामा शिक्षाको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको अनुगमनमा पाइएको छ ।

लेप्चा समुदायमा मातृभाषा शिक्षा, भाषा संरक्षण र सांस्कृतिक प्रवर्धनका केही सकारात्मक अभ्यास भए पनि मेचे र विशेषगरी किसान समुदायमा भाषा तथा संस्कृतिको संरक्षणका कार्यक्रम पर्याप्त नभएको, किसान समुदायका कतिपय व्यक्तिरू नागरिकताबाट वञ्चित रहेको, विदेशी नागरिकसँगको वैवाहिक सम्बन्धका कारण नागरिकता प्राप्तिमा समस्या रहेको तथा राजनीतिक र प्रशासनिक संरचनामा विशेष गरी किसान समुदायको प्रतिनिधित्व न्यून रहेको तथ्य पनि अनुगमनबाट उजागर भएको छ ।

नेपाल सरकारबाट उपलब्ध सामाजिक सुरक्षा भत्ताले शिक्षा, आवास तथा वैदेशिक रोजगारीमा केही सकारात्मक योगदान पुर्‍याएको देखिए पनि भूमि स्वामित्व, उच्च शिक्षा, सांस्कृतिक संरक्षण, नागरिकता, राजनीतिक तथा प्रशासनिक समावेशीकरणलगायतका क्षेत्रमा अधिकारमा आधारित विकास कार्यक्रम, पर्याप्त बजेट तथा सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको देखिएको छ ।

अनुगमनमा प्राप्त तथ्यहरूको आधारमा यी समुदायको मानव अधिकार संरक्षणको लागि नीतिगत र कानुनी सुधार गर्नुपर्ने देखिन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच र छात्रवृत्तिको व्यवस्था, ऐलानी जग्गामा बसोबास गरिरहेका मेचे र किसान समुदायलाई कानुनी रूपमा जग्गाको उपलब्धता, राजनीतिक तथा प्रशासनिक क्षेत्रमा आरक्षण व्यवस्थाको पुनरावलोकन तथा संविधानबमोजिम लोपोन्मुख आदिवासी जनजातिको सामाजिक, सांस्कृतिक संरक्षण र आर्थिक विकासका लागि संरक्षित क्षेत्र घोषणा गरी कार्यान्वयन गर्न आवश्यक देखिएको छ । यससँगै समुदाय लक्षित कार्यक्रम, पर्याप्त बजेट तथा कानुनको प्रभावकारी कार्यान्वयनमार्फत लोपोन्मुख आदिवासी जनजातिको मानव अधिकार संरक्षण र प्रवर्धन सुनिश्चित गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वय गर्नुपर्ने अवस्था छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा बसोबास गर्ने लेप्चा समुदायको सङ्ख्या ३,५७८ जना, झापा जिल्लाको मेची नदी आसपासमा बसोबास गर्ने मेचे समुदायको जनसङ्ख्या ५,१५३ जना र झापा जिल्लाको मेचीनगर र आसपासमा बसोबास गर्ने किसानहरूको सङ्ख्या १४७९ जना रहेको देखिन्छ । यी समुदायहरूको सामाजिक साँस्कृतिक पक्षका बारेमा सरकारी तवरबार खासै अध्ययन-अनुसन्धान भएको पाइएको छैन ।

## कुसुन्डा समुदायको लागि एकीकृत कार्ययोजना लागू गर्न आयोगको सिफारिस

राष्ट्रिय मानव अधिकार आयोगले लोपोन्मुख तथा अल्पसङ्ख्यक कुसुन्डा समुदायको मानव अधिकारको संरक्षण, सशक्तीकरण तथा पहिचानको जगेर्नाका लागि एकीकृत कार्ययोजना तर्जुमा गरी तत्काल कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ ।




आयोगले हालै सार्वजनिक गरेको 'कुसुन्डा समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन, २०८३' मार्फत सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारलाई कुसुन्डा समुदायको मानव अधिकार संरक्षणका लागि आवश्यक नीतिगत, कानुनी तथा संरचनागत सुधारका प्रभावकारी कदम चाल्न आग्रह गरेको हो ।

आयोगले आफ्नो छैटौं रणनीतिक योजना (२०२१-२०२६) अन्तर्गत सिमान्तीकृत तथा वञ्चित समुदायका मानव अधिकारको संरक्षण

र समानताको सुनिश्चितताका लागि अध्ययन गर्दै आएको छ । सोही कार्ययोजनाअनुरूप कुसुन्डा समुदायको मानव अधिकार अवस्थाको अध्ययन गरी उक्त प्रतिवेदन प्रकाशन गरिएको हो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुसुन्डा समुदायको जनसङ्ख्या २५३ मात्र रहेको छ, जसमा ११५ पुरुष र १३८ महिला छन् । यो समुदाय लुम्बिनी, वाग्मती, कर्णाली र गण्डकी प्रदेशका विभिन्न जिल्लामा छरिएर बसोबास गर्दै आएको छ । विगतमा घुमन्ते जीवनशैली अपनाउने कुसुन्डा समुदाय आधुनिक समाजमा समाहित हुँदै गए पनि कमजोर सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाका कारण उनीहरूको मौलिक भाषा, संस्कृति, परम्परा र पहिचान गम्भीर सङ्कटमा पर्दै गएको प्रतिवेदनले औँल्याएको छ । परम्परागत रूपमा उपयोग गर्दै आएको भूमिमा कानुनी स्वामित्व र भोगाधिकारको अभावले उनीहरूको स्थायी बसोबास तथा मानव अधिकारको अवस्थालाई थप चुनौतीपूर्ण बनाएको विषय पनि प्रतिवेदनमा उल्लेख छ ।

आयोगले कुसुन्डा समुदायको स्वतन्त्र, पूर्वसुसूचित तथा सूचित सहमति (Free, Prior and Informed Consent–FPIC) का आधारमा सामूहिक बसोबासका लागि उपयुक्त स्थानमा एकीकृत बस्ती विकास गर्न सरकारलाई सिफारिस गरेको छ । त्यसैगरी प्रतिवेदनमा परम्परागत रूपमा उपयोग गर्दै आएका घर तथा जग्गाको कानुनी स्वामित्व र भोगाधिकार सुनिश्चित गर्न, लोपोन्मुख कुसुन्डा भाषा, मौलिक संस्कृति तथा परम्पराको संरक्षण, प्रवर्धन र अभिलेखीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ ।

यसको साथै कुसुन्डा समुदायका लागि शिक्षा, स्वास्थ्य, व्यावसायिक तालिम तथा रोजगारीमा आरक्षण र सहज पहुँच सुनिश्चित गर्न आवश्यक नीतिगत सुधार गर्न पनि सरकारलाई सुझाव दिइएको छ । संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूले प्रत्याभूत गरेका मौलिक हक तथा आदिवासी जनजातिका अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहका सरकार, नागरिक समाज तथा सरोकारवाला निकायबीच समन्वय गरी एकीकृत कार्ययोजना कार्यान्वयन गर्नुपर्नेमा प्रतिवेदनले जोड दिएको छ ।

## मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिको समुदायमा आधारित पुनःस्थापनामा जोड



राष्ट्रिय मानव अधिकार आयोगको आयोजना तथा कोशिश संस्थाको सहकार्यमा आयोजित 'मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिहरूको समुदायमा आधारित पुनःस्थापनासम्बन्धी परामर्श बैठक' मा मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिहरूको उपचारसँगै सम्मानजनक समुदायमा आधारित पुनःस्थापनालाई राज्यको प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ ।

हरिहरभवनस्थित आयोगको केन्द्रीय कार्यालयमा असार १५ गते सम्पन्न कार्यक्रममा सहभागीहरूले उक्त कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा मानसिक स्वास्थ्यलाई मानव अधिकारको अभिन्न अङ्गका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता औँल्याउँदै सर्वोच्च अदालतको निर्देशनात्मक आदेश तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सिआरपीडि) अनुरूप समुदायमा आधारित, अधिकारमुखी र समावेशी मानसिक स्वास्थ्य सेवा प्रणालीको विकास आवश्यक रहेको बताएका हुन् ।

परामर्श बैठकमा समुदायमा आधारित पुनःस्थापनाको वर्तमान अवस्था, आवश्यकता, चुनौती तथा असल अभ्यासबारे प्रस्तुतीकरण र छलफल गरिएको थियो । सोही क्रममा कोशिश संस्था, मानव सेवा आश्रम तथा मंगला-साहना दीर्घकालीन पुनःस्थापना केन्द्रका प्रतिनिधिहरूले समुदायमा आधारित पुनःस्थापनाका अभ्यास, उपलब्धि तथा चुनौतीहरूबारे आफ्ना अनुभवहरूसमेत प्रस्तुत गर्नुभएको थियो ।

छलफलका क्रममा मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिहरूलाई संस्थामुखी सेवाभन्दा समुदायमा आधारित पुनःस्थापनालाई प्राथमिकता दिनुपर्ने, परिवार, स्थानीय तह र समुदायको सक्रिय सहभागिता सुनिश्चित हुनुपर्नेमा जोड दिइएको थियो । सामाजिक सुरक्षा, मनोसामाजिक सहयोग, जीविकोपार्जनका अवसर र नियमित अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने सहभागीहरूको भनाइ थियो । उनीहरूले सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको प्रभावकारी कार्यान्वयन,

मानसिक स्वास्थ्यसम्बन्धी सामाजिक कलङ्क तथा विभेद न्यूनीकरण, समुदायमा आधारित सेवाको विस्तार, पर्याप्त बजेट तथा दक्ष जनशक्तिको व्यवस्था र सङ्घ, प्रदेश तथा स्थानीय तहबीच प्रभावकारी समन्वयलाई अझ गतिशील बनाउनुपर्ने सुझाव दिएका थिए ।

आयोगले बैठकबाट प्राप्त सुझावका आधारमा सम्बन्धित निकायसँग आवश्यक समन्वय, पैरवी तथा अनुगमनलाई निरन्तरता दिँदै मानसिक स्वास्थ्यसम्बन्धी मानव अधिकारको संरक्षण र समुदायमा आधारित पुनःस्थापनाको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता जनाएको छ । कार्यक्रममा आयोगका पदाधिकारी, मानसिक स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी निकाय, स्थानीय तह, सेवा प्रदायक संस्था, नागरिक समाज तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय संवाद सम्पन्न



राष्ट्रिय मानव अधिकार आयोगको आयोजना र नेपालका आदिवासी जनजातिहरूको मानव अधिकार संरक्षणका लागि वकिलहरूको समूह (LAHURNIP_सँगको सहकार्यमा असार १० गते काठमाडौँमा व्यवसाय र मानव अधिकारसम्बन्धी अन्तर संवाद कार्यकम सम्पन्न भएको छ ।

कार्यक्रममा व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्था, उपभोक्ता तथा श्रमिक अधिकार, व्यवसायजन्य गतिविधिबाट वातावरणमा पर्ने प्रभाव तथा विकास आयोजनाले आदिवासी जनजाति समुदायमा पार्ने असरका विषयमा प्रस्तुतीकरण तथा छलफल गरिएको थियो ।

छलफलका क्रममा सहभागीहरूले व्यवसाय तथा विकाससम्बन्धी गतिविधिहरू मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्धनका सिद्धान्तअनुरूप सञ्चालन हुनुपर्नेमा जोड दिनुभएको थियो । यसैगरी व्यवसायजन्य गतिविधिका क्रममा प्रभावित समुदायको अधिकारको सुनिश्चितता, उत्तरदायी व्यवसायिक अभ्यास तथा दिगो विकासलाई प्राथमिकता दिनुपर्ने आवश्यकतासमेत औँल्याइएको थियो । व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, उपभोक्ता तथा श्रमिक अधिकारको संरक्षण, आदिवासी जनजातिको अधिकारको सम्मान, वातावरण संरक्षण तथा सरकार, निजी क्षेत्र र अन्य सरोकारवालाबीच समन्वय र सहकार्यलाई थप सुदृढ बनाउनुपर्ने उनीहरूको सुझाव थियो । सो कार्यक्रममा सरकारी निकाय, न्यायपालिका, निजी क्षेत्र, आदिवासी जनजाति प्रतिनिधि, नागरिक समाज, मानव अधिकारकर्मी तथा सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो ।

## मानव अधिकार संरक्षणमा प्रदेश सरकार-आयोगबीच समन्वय सुदृढ गर्ने प्रतिबद्धता

राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा सुदूरपश्चिम प्रदेश सरकारका प्रदेश सचिवहरूसँग मानव अधिकार संरक्षण तथा प्रवर्धनसम्बन्धी समन्वय बैठक सम्पन्न भएको छ ।



बैठकमा नेपाल सरकारले तर्जुमा गरेको मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोग र प्रदेश सरकारबीचको समन्वयात्मक भूमिका तथा सहकार्यलाई थप सुदृढ बनाउने विषयमा विस्तृत छलफल गरिएको थियो ।

छलफलका क्रममा सुदूरपश्चिम प्रदेश सरकार (कार्य-विभाजन) नियमावली, २०८१ ले प्रदेश सरकारलाई प्रदान गरेको मानव अधिकार संरक्षण, आधारभूत मानव अधिकारको प्रत्याभूति, नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्धनसम्बन्धी जिम्मेवारीको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको थियो। संवैधानिक निकाय र राष्ट्रिय मानव अधिकार आयोगसँगको सम्पर्क, समन्वय र सहकार्यलाई संस्थागत तथा प्रभावकारी बनाउनुपर्ने विषय तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम प्रदेशस्तरमा लागू हुने कानुन कार्यान्वयनको अवस्थाको अनुगमनमा आयोगको भूमिकाबारे समेत छलफल भएको थियो।

त्यसैगरी आ.व. २०८२/८३ को सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरिएबमोजिम सङ्घीय सरकार तथा राष्ट्रिय मानव अधिकार आयोगसँगको सहकार्यलाई निरन्तरता दिने विषय तथा प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा समावेश मानव अधिकारसम्बन्धी रणनीति र कार्यनीतिहरूको प्रभावकारी कार्यान्वयनका उपायबारे पनि विचार-विमर्श गरिएको थियो।

बैठकमा सहभागीहरूले प्रदेशमा मानव अधिकारको सम्मान गर्ने संस्कृतिको विकास, सुशासनको प्रवर्धन तथा मानव अधिकारसम्बन्धी नीति, योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोग र प्रदेश सरकारबीच नियमित समन्वय, सहकार्य तथा सूचना आदानप्रदानलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए।

***छलफलका विषयहरू***

*१. नेपाल सरकारले तर्जुमा गरेको मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आयोग र प्रदेश सरकारको समन्वयायात्मक भूमिका,*

*२. सुदुरपश्चिम प्रदेश सरकार (कार्य-विभाजन) नियमावली, २०८१ को कार्य विभाजन अन्तर्गत मानव अधिकार संरक्षण र सम्वर्द्धन, आधारभुत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्धन,*

*३. सुदूरपश्चिम प्रदेश सरकार (कार्य-विभाजन) नियमावली, २०८१ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य विभाजनको क्र.सं. १२ मा उल्लेख भए बमोजिम संवैधानिक निकाय तथा आयोगसमेतसँग सम्पर्क तथा समन्वयको प्रभावकारिता,*

*४. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ को उपदफा (१) को देहाय (ग) बमोजिम प्रदेश कानून समेतको कार्यान्वयनको अनुगमन राष्ट्रिय मानव अधिकार आयोगबाट गरिने अनुगमन,*

*५. आ.व. २०८२/८३ को सुदुरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रमको क्र.सं. १२७ मा सङ्घीय सरकार र राष्ट्रिय मानव अधिकार आयोगको सहकार्यमा प्रदेशमा मानव अधिकार प्रति सम्मान गर्ने संस्कृति विकास गर्न सहशासनको अवधारणा अनुरूप सहकार्य गर्ने वियको निरन्तरता र*

*६. सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना आ.व. २०७८/७९-२०८२/८३ को परिच्छेद ८ को सुशासनअन्तर्गत ८.३ को मानव अधिकार विषयको ३ वटा रणनीति र १६ वटा कार्यनीतिको प्रभावकारिता।*

आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख प्रकाशदत्त भट्टको अध्यक्षतामा असार ३२ गते सम्पन्न सो बैठकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रमुखको कार्यालय, आर्थिक मामिला मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा प्रदेश नीति तथा योजना आयोगका प्रदेश सचिवहरू, सम्बन्धित पदाधिकारी तथा आयोगका कर्मचारीहरूको सहभागिता रहेको थियो

## मानव बेचबिखनविरुद्धको अधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदन सम्बन्धमा प्रादेशिक कार्यशाला



आयोगले सार्वजनिक गरेको मानव बेचबिखनविरुद्धको अधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदनको सन्दर्भमा मधेश र लुम्बिनी प्रदेशमा प्रादेशिक कार्यशाला गोष्ठी सम्पन्न गरेको छ। मधेश प्रदेशको जनकपुरधाममा असार २५ गते तथा लुम्बिनी प्रदेशको भैरहवामा असार ३२ गते आयोजित कार्यक्रममा मानव बेचबिखनको वर्तमान अवस्था, चुनौती तथा न्यूनीकरणका उपायबारे सरोकारवालाबीच गम्भीर छलफल भएको थियो। सहभागीहरूले मानव बेचबिखनको स्वरूप समयसँगै परिवर्तन हुँदै गएको, यसको नियन्त्रणका

लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, कानुनको प्रभावकारी कार्यान्वयन, पीडितमैत्री न्याय प्रणाली, उद्धार, पुनःस्थापना तथा पुनःएकीकरणका कार्यक्रमलाई थप सुदृढ बनाउन आवश्यक रहेकोमा जोड दिएका थिए ।

कार्यक्रममा सहभागीहरूबाट मानव बेचबिखन नियन्त्रणका लागि नीति, योजना, बजेट र कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने, पीडित सहायता तथा उद्धार कोषलाई सुदृढ बनाउनुपर्ने, बालबालिका तथा जोखिममा रहेका समुदायको संरक्षणमा विशेष ध्यान दिन जोड दिएका थिए । आयोगले प्रतिवेदनमा दिएका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन र समन्वय आवश्यक रहेको उनीहरूको सुझाव थियो ।

जनकपुरधाममा आयोजित कार्यक्रममा मधेश प्रदेश सभा, महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति माननीय रुपा यादव प्रमुख अतिथि तथा राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारिप्रसाद खरेल विशिष्ट अतिथि रहनुभएको थियो । कार्यक्रम आयोगको मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण सहनीको अध्यक्षतामा सम्पन्न भएको थियो । आयोगका उपसचिव लोकनाथ बास्तोलाले राष्ट्रिय प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

भैरहवामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति, रुपन्देहीका प्रमुख उमाकान्त चपाइँ प्रमुख अतिथि तथा आयोगका माननीय सदस्य डा. लिली थापा विशिष्ट अतिथि रहनुभएको थियो । कार्यक्रम आयोगको लुम्बिनी प्रदेश कार्यालयका प्रमुख सन्तोष आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो भने मानव अधिकार अधिकृत कुमारी महराले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

आयोगले प्रकाशित गरेको राष्ट्रिय प्रतिवेदनले नेपालमा मानव बेचबिखनको बदलिँदो स्वरूप, विद्यमान चुनौती तथा मानव अधिकार संरक्षणका लागि आवश्यक सुधारका क्षेत्रहरू औँल्याउँदै सरोकारवाला निकायबीच समन्वय र जवाफदेहितालाई थप सुदृढ बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ । दुवै कार्यक्रममा प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधि, सुरक्षा निकाय, न्यायिक क्षेत्र, संयुक्त राष्ट्रसङ्घीय निकाय, मानव अधिकार संस्थाका प्रतिनिधि, सञ्चारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## मानव अधिकार शोधपत्रिका 'संवाहक'को गुणस्तर अभिवृद्धिका लागि समीक्षा कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार शोधपत्रिका 'संवाहक' को गुणस्तर अभिवृद्धि, २६ औँ अङ्कमा प्रकाशित लेखहरूमाथि समीक्षा गर्ने उद्देश्य राखी असार १६ गते काठमाडौंमा समीक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक डा. माधवप्रसाद लामिछानेले संवाहकको २६औं अङ्क (पौरस्त्य दर्शन विशेषाङ्क) मा प्रकाशित लेखहरूको विश्लेषणात्मक समीक्षा प्रस्तुत गर्नुभएको थियो । आयोगका उपसचिव तथा सम्पादन समिति सदस्य अनिशकुमार पौडेलले जर्नलको प्रकाशन प्रक्रिया तथा हालसम्म भएका कार्यहरूको जानकारी गराउनुभएको थियो ।

छलफलको क्रममा सहभागीहरूबाट शोधपत्रिको सम्पादन प्रक्रिया, समकक्षी समीक्षा प्रणाली, भाषागत गुणस्तर, अनुसन्धानमूलक सामग्री, विद्युतीय पहुँच तथा पाठक केन्द्रित प्रकाशनमा सुधार गर्नुपर्ने सुधारसम्बन्धी सुझाव प्राप्त भएका थिए । प्रकाशनको प्रभाव मूल्याङ्कन, पाठक सर्वेक्षण, सम्पादन मण्डलको क्षमता अभिवृद्धि तथा मानव अधिकारसम्बन्धी ज्ञान प्रवर्धनमा शोत्रपत्रिकाको थप प्रभावकारिता बढाउनुपर्नेमा उहाँहरूको जोड थियो । कार्यक्रमलाई सम्बोधन गर्दै आयोगका सचिव मुरारिप्रसाद खरेलले पृष्ठपोषणबाट संवाहकलाई समय सापेक्ष बनाउँदै अगाडि बढ्न मद्दत पुगेको  धारणा राख्नुभएको थियो ।



कार्यक्रममा संवाहक सम्पादन समितिका संयोजक सहसचिव सम्झना शर्माले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने मानव अधिकार अधिकृत दुर्गा पोखरेलले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । आयोगका मा. अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आयोगका मा. सदस्य मनोज दुवाडी, सचिव, विश्वविद्यालयका प्राध्यापक, पौरस्त्य दर्शनका अध्येता, लेखक, कानुन व्यवसायी, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

आयोगले संवाहकको गुणस्तर कायम गर्ने उद्देश्यले विज्ञहरूसँग अन्तरक्रिया तथा समीक्षा कार्यक्रममार्फत पृष्ठपोषण लिने कार्य गर्दै आएको छ । यस कार्यक्रममा प्राप्त सुझाव एवम् पृष्ठपोषणले आगामी अंकहरूको प्रकाशन तथा गुणस्तर अभिवृद्धिका लागि योगदान पुग्ने अपेक्षा गरिएको छ ।

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी, नेत्रबहादुर गौतम  र पवन भण्डारी